राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं



Monthly Publication

Volume 21, Issue 2 No. 138 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Kartik 2078 (Oct.-Nov. 2021)

## निर्धारित लक्ष्यहरु पूरा गरी कम्पनीलाई अझ सफल बनाऔं - सञ्चालक समिति अध्यक्ष

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका अध्यक्ष डा. बैकुण्ठ अर्यालले यस आर्थिक वर्ष (आ.व.) २०७८/७९ का लागि कम्पनीले तय गरेका लक्ष्यहरु पूरा गर्नेगरी योजना र कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गर्न निर्देशन दिनुभएको छ। 'हाम्रा निर्धारित योजना र कार्यक्रमहरु पूरा गरेपछि संस्थाको राजस्व र नाफा बढ्छ, हामी सफल हुनेछौं', उहाँले भन्नुभयो। गत असोज ११, १२ र १३ गते कम्पनीको केन्द्रीय कार्यालय भद्रकालीमा सम्पन्न भएको कम्पनीको बोर्ड बैठकमा उहाँले उक्त निर्देशन दिनुभएको हो। चालु आ.व.को नीति तथा कार्यक्रमहरुको समीक्षात्मक बैठकमा कम्पनीका विभागीय प्रमुखहरु र आयोजना प्रमुखहरुले सम्बन्धित विभाग र आयोजनाका चालु आ.व.का योजना र कार्यक्रमका सम्बन्धमा आ-आफ्नो प्रस्तुतिकरण गर्नुभएको थियो। प्रस्तुतिकरणमाथि सञ्चालक समिति अध्यक्ष अर्याल, सदस्यहरु रामेश्वर दंगाल, फणिन्द्र गौतम र अम्बिका प्रसाद पौडेलले विभिन्न जिज्ञासाका साथै सुझावहरु प्रस्तुत गर्नुभएको थियो।

बैठकमा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले वार्षिक नीति र कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो अवसरमा उहाँले योजनाहरुको कार्यान्वयनमा आइपर्ने सम्भावित बाधाअड्चनका बारेमा प्रकाश पार्दै समाधान गर्न अन्तर मन्त्रालय समन्वय र सहयोगका लागि सञ्चालक समितिका अध्यक्षसमक्ष अनुरोध गर्नुभएको थियो। कार्यक्रममा प्रमुख व्यावसायिक अधिकृत तथा कायम मुकायम प्रमुख प्राविधिक अधिकृत प्रतिभा वैद्य, मोबाइल सेवा निर्देशनालयका निर्देशक मिनु प्रधान, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक अनन्तमान सिंह, प्रमुख मानव संशाधन अधिकृत

(बाँकी २ पेजमा)

## गण्डकी प्रदेशमा पत्रकार अन्तरक्रिया कार्यक्रम




नेपाल टेलिकमले गण्डकी प्रदेशमा प्रदान गरिरहेका दूरसञ्चार सेवाहरु र सो प्रदेशमा कार्यान्वयन गरिने कम्पनीका भावी योजना र कार्यक्रमहरुका बारेमा जानकारी दिने उद्देश्यले पोखरामा पत्रकार अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। गत भदौ ३० गते सम्पन्न पत्रकार अन्तरक्रिया कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीले अत्याधुनिक दूरसञ्चार सेवाहरु प्राथमिकताका साथ गण्डकी प्रदेशमा उपलब्ध गराइरहेको बताउनु भयो। यस आर्थिक वर्षमा गण्डकी प्रदेशका सबै गाउँ र वस्तीहरु कम्पनीको फोरजी सेवाको पहुँच पुर्‍याइने योजना रहेको उल्लेख गर्नुभयो।

सो कार्यक्रममा उप-प्रबन्धक रञ्जित लोहियाले गण्डकी प्रदेशमा कम्पनीले उपलब्ध गराइरहेका अत्याधुनिक दूरसञ्चार सेवाहरु र भावी योजनाका बारेमा प्रस्तुतिकरण दिनुभएको थियो। गण्डकी प्रदेशको राजधानी पोखराका सञ्चारकर्मीहरुको उल्लेखनीय सहभागिता रहेको अन्तरक्रिया कार्यक्रममा नेपाल टेलिकम गण्डकी प्रादेशिक निर्देशनालयका निर्देशक इन्दल यादव र अरु उच्चपदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो।

सोही अवसरमा प्रबन्ध निर्देशक अधिकारीले गण्डकी प्रादेशिक निर्देशनालयमा आयोजित एक कार्यक्रममा निर्देशनालय र अन्तर्गत कार्यालयका उच्च पदस्थ अधिकृत र अन्य कर्मचारीहरुसँग भेटघाट गरी विभिन्न निर्देशन समेत दिनुभएको थियो।

## आकर्षक सुविधाहरु सहितको अटम अफर

नेपाल टेलिकमले मोबाइल सेवामा आकर्षक डाटा र भ्वाइस प्याकहरु तथा एफटीटीएच सेवामा समर अफर अन्तर्गत हाल उपलब्ध गराइरहेका विभिन्न प्याकेजलाई थप/परिमार्जन गरी अटम अफर (Autumn Offer) उपलब्ध गराएको छ। यो अफर मिति २०७८/७/१ देखि ९० दिन लागु हुनेछ। अटम अफर अन्तर्गत ग्राहक महानुभावहरुले निम्न सेवाहरु छुटमा उपयोग गर्न सक्नुहुनेछ।

### सजिलो अनलिमिटेड पोस्टपेड ५९९ अफर

अटम अफरमा नयाँ प्याकेजका रुपमा **सजिलो अनलिमिटेड पोस्टपेड प्याक** उपलब्ध हुनेछ। यसमा ३० दिनसम्म चलाउन मिल्नेगरी रु. ५९९ मा अनलिमिटेड अननेट भ्वाइस सेवा उपलब्ध हुनेछ। यो अफर खरिद गरेपश्चात सुलभ दरमा डाटा सेवा समेत लिन चाहेमा ग्राहकले रु. २९९ मा प्रतिदिन १ जीबीका दरले ३० दिनसम्म उपयोग गर्न सकिने ३० जीबी डाटा सेवा Add-On Pack को रुपमा खरिद गर्न सक्नेछन्।

प्रतिदिन प्रयोग गर्न सकिने १ जीबी डाटा सकिएमा ६४ केबीपीएसको अनलिमिटेड डाटा सेवा उपलब्ध हुनेछ जसमा ग्राहकको मेन ब्यालेन्सको रकम काटिने छैन। यदि ग्राहकले ६४ केबीपीएसभन्दा बढी गतिको डाटा सेवा प्रयोग गर्न चाहेमा जम्मा रु. ३० मा १ जीबी, रु. ४० मा २ जीबी र रु. ५० मा ३ जीबी डाटा २४ घण्टाभित्र प्रयोग गर्न सकिने गरी Add-On Pack कै रुपमा खरिद गर्न सक्नेछन्।

यसैगरी अटम अफरमा ग्राहकले ३० दिनसम्म प्रतिदिन १ जीबी प्रयोग गर्न सकिने ३० जीबी डाटा सेवाको प्याक रु. ५९९ मा खरिद गर्न सक्नेछन्। यो अफर खरिद गरेपश्चात् ग्राहकले सुलभ दरमा भ्वाइस सेवा पनि लिन चाहेमा जम्मा रु. २९९ मा ३० दिनसम्म अनलिमिटेड प्रयोग गर्न सकिने Add-On Pack खरिद गर्न सक्नेछन्। यस प्याकेजमा पनि प्रतिदिन प्रयोग गर्न सकिने १ जीबी डाटा सकिएमा कम्पनीले ६४ केबीपीएस अनलिमिटेड डाटा सेवा उपलब्ध गराउनेछ। सो भन्दा बढी गतिको सेवा लिन चाहेमा जम्मा रु. ३० मा १ जीबी, रु. ४० मा २ जीबी र रु. ५० मा ३ जीबी डाटा २४ घण्टाभित्र प्रयोग गर्न सकिने गरी Add-On Pack कै रुपमा खरिद गर्न सकिनेछ।

### सजिलो अनलिमिटेड पोस्टपेड ७९९ अफर

यसमा जम्मा रु. ७९९ मा अनलिमिटेड अननेट भ्वाइस सेवा, प्रतिदिन १ जीबीका दरले ३० दिन प्रयोग गर्न सकिने ३० जीबी डाटा, २०० वटा अननेट सन्देश, ५० मिनेट अफ नेट भ्वाइस र ५० वटा अफ नेट सन्देश पठाउने सुविधा उपलब्ध हुनेछ। प्रतिदिनका

(बाँकी २ पेजमा)

(१ पेजको बाँकी)

## निर्धारित लक्ष्यहरु ....

सुरज सिंह थापा, प्रमुख वित्तीय अधिकृत राजेन्द्र अर्याल, व्याकबोन प्रसारण निर्देशनालयका निर्देशक संगीता पहाडी र ग्रामीण दूरसञ्चार विकास कोष परियोजना प्रमुख विनिता श्रेष्ठले प्रस्तुतिकरण गर्नुभएको थियो ।

बैठकमा सातवटै प्रादेशिक निर्देशनालयका निर्देशकहरुले जुम (Zoom) बाटै सहभागिता जनाउँदै वार्षिक कार्यक्रम, योजना र लक्ष्यहरुका बारेमा प्रष्ट पार्ने तथा सम्भावित चुनौतीहरुका बारेमा उल्लेख गर्नुभएको थियो । बैठकमा नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष यादव प्रसाद पनेरु, नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष राजेन्द्र प्रसाद जोशी र नेपाल टेलिकम कर्मचारी युनियनका कार्यवाहक अध्यक्ष वीरेन्द्रलाल जोशीले पनि कम्पनी र कर्मचारीका बारेमा धारणाहरु राख्नुभएको थियो ।

## पर्वहरुका अवसरमा नेपाल टेलिकमको सेवामा छुट

नेपाल टेलिकमले नेपालीहरुको महान चाडपर्वका अवसरमा २०७८ असोज १९ गतेदेखि विभिन्न डाटा र भ्वाइस प्याक तथा रिचार्ज गर्दा बोनस सहितको पर्व अफर (Festival Offer) उपलब्ध गराएको छ । उक्त अफरहरु बडादशैंका अवसरमा असोज १९ गतेदेखि कार्तिक २ गतेसम्म उपलब्ध गराइएको थियो भने महत्वपूर्ण पर्वहरु तिहार, न्हुँदया र छठका अवसरमा यी अफरहरु कात्तिक १६ गतेदेखि कात्तिक २४ गतेसम्म पुन: उपलब्ध गराइने छ ।

डाटा प्याक अन्तर्गत रु. २९४ मा २० जीबी डाटा १० दिनभित्र र रु. ९८ मा ६ जीबी डाटा ३ दिनभित्र प्रयोग गर्न सकिने अफर उपलब्ध गराइएको छ । त्यसैगरी १ दिनका लागि अनलिमिटेड प्रयोग गर्न सकिने १ एमबीपीएस गतिको अनलिमिटेड प्याक रु. ६९ मा उपलब्ध गराइएको छ ।

भ्वाइस सेवा अन्तर्गत रु. २५ मा १ दिन (२४ घण्टा) प्रयोग गर्न सकिने ४५ मिनेटको प्याक, रु. ४० मा ३ दिन प्रयोग गर्न सकिने ८० मिनेटको प्याक र रु. ५०० मा ३५ दिनसम्म प्रयोग गर्न सकिने १ हजार ३ सय मिनेटको प्याक उपलब्ध गराइएको छ । यी प्याकहरु जुनसुकै समय (All Time) प्रयोग गर्न सकिन्छ ।

यसैगरी अफर प्राप्त हुने अवधिमा एमपोसमार्फत रिचार्ज गर्दा बोनसको रुपमा डाटा प्याक उपलब्ध गराइएको छ । रु. २०० देखि रु. ४९९ सम्म रिचार्ज गर्दा २ दिनभित्र प्रयोग गर्न सकिने ५०० एमबी र रु. ५०० भन्दा बढीको रिचार्ज गर्दा ४ दिनभित्र प्रयोग गर्न सकिने १,०२४ एमबी डाटा प्याक उपलब्ध गराइएको छ ।

उल्लिखित प्याकेजहरु प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्दछ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन र सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिन्छ ।

## आकर्षक सुविधाहरु ....

(१ पेजको बाँकी)

लागि उपलब्ध १ जीबी डाटा सकिएमा माथि **सजिलो अनलिमिटेड पोस्टपेड ५९९** अफरमा उल्लिखित Add-On Pack खरिद गर्न सकिनेछ ।

### सजिलो अनलिमिटेड पोस्टपेड ९९९ अफर

यसमा जम्मा रु. ९९९ मा अनलिमिटेड भ्वाइस र ४०० वटा अननेट सन्देश पठाउने सुविधा, प्रतिदिन २ जीबीका दरले ३० दिनसम्म प्रयोग गर्न सकिने ६० जीबी डाटा, १०० मिनेट अफ नेट भ्वाइस र १०० वटा अफ नेट सन्देश पठाउन सकिनेछ । प्रतिदिनका लागि उपलब्ध २ जीबी डाटा सकिएमा माथि **सजिलो अनलिमिटेड पोस्टपेड ५९९** अफरमा उल्लिखित Add-On Pack खरिद गर्न सकिनेछ ।

### सजिलो अनलिमिटेड पोस्टपेड १४९९ अफर

यसमा जम्मा रु. १४९९ मा अनलिमिटेड भ्वाइस, १००० वटा अननेट सन्देश पठाउने सुविधा, प्रतिदिन ४ जीबीका दरले ३० दिन प्रयोग गर्न सकिने १२० जीबी डाटा, २०० मिनेट अफ नेट भ्वाइस र २०० वटा अफ नेट सन्देश पठाउन सकिने सुविधा उपलब्ध हुनेछ । प्रतिदिनका लागि उपलब्ध ४ जीबी डाटा सकिएमा माथि **सजिलो अनलिमिटेड पोस्टपेड ५९९** अफरमा उल्लिखित Add-On Pack खरिद गर्न सकिनेछ ।

### सस्तो प्रिपेड कम्बो प्याक

यसमा प्रिपेड मोबाइल प्रयोगकर्ताका लागि १५० मिनेट भ्वाइस, १.५ जीबी डाटा र १५ वटा अननेट सन्देश (अननेट) जम्मा रु. २९९ मा २८ दिनसम्म प्रयोग गर्न सकिनेछ ।

### सजिलो अनलिमिटेड प्रिपेड ५९९ प्याक

यसमा जम्मा रु. ५९९ मा प्रतिदिन १ जीबीका दरले २८ दिन प्रयोग गर्न सकिने २८ जीबी डाटा उपलब्ध हुनेछ । यो प्याक लिनुभएका ग्राहकहरुले अनलिमिटेड भ्वाइस सेवा लिन चाहनुभएमा जम्मा रु. २९९ मा २८ दिनसम्म प्रयोग गर्न सकिने Add-On Pack खरिद गर्न सक्नेछन् ।

### एफटीटीएच आइपिटिभी अफर

यसैगरी **एफटीटीएच आइपिटिभी अफर-२०७८** मा कम्पनीको एफटीटीएच अन्तर्गतको ट्रिपल प्ले (भ्वाइस, डाटा र टिभी) सेवा एक वर्षका लागि लिने ग्राहकका लागि आकर्षक सहुलियत उपलब्ध हुनेछ । यस अन्तर्गत २५ एमबीपीएस ब्याण्डविथ वार्षिक जम्मा रु.१५,९८० मा प्राप्त हुनेछ । यही सेवा वर्षको ४० एमबीपीएस रु.१७,१०० र ८० एमबीपीएस रु.२२,५०० मा उपलब्ध हुनेछ । वार्षिक सेवा लिनेका लागि कम्पनीले Set Top Box (एसटिबी) उपलब्ध गराउने छ ।

यही सेवा ३ महिनाको लागि २५ एमबीपीएस रु.४,१०० मा ४० एमबीपीएस रु.५,५०० मा र ८० एमबीपीएस जम्मा रु.७,२०० मा उपलब्ध हुनेछ । मासिक रुपमा सेवा लिंदा २५ एमबीपीएस रु.१,४००मा, ४० एमबीपीएस रु.१,८५० मा र ८० एमबीपीएस जम्मा रु.२,४५० मा उपलब्ध हुनेछ ।

एफटीटीएचमा उपलब्ध सेवाहरुमध्ये भ्वाइस र डाटा सेवा मात्र पनि सहुलियत दरमा प्राप्त गर्न सकिनेछ । यसमा २५ एमबीपीएस डाटा रु.१,०००मा, ४० एमबीपीएस डाटा रु.१,५०० मा र ८० एमबीपीएस डाटा रु.२,०००मा उपलब्ध हुनेछ । यी सेवाहरु ३ महिनाका लागि लिंदा २५ एमबीपीएस डाटा रु.२,८५० मा, ४० एमबीपीएस लिंदा रु.४,२०० मा र ८० एमबीपीएस रु.५,५०० मा लिन सकिनेछ । यो सेवा वार्षिकरुपले लिंदा २५ एमबीपीएस रु.१०,५०० मा, ४० एमबीपीएस रु.१५,३०० मा र ८० एबिपिएस रु.२०,५०० मा उपलब्ध हुनेछ ।

वार्षिक प्याकेज खरिदमा ग्राहकलाई थप सुविधाको रुपमा प्रतिदिन ३०० एमबी मोबाइल डाटा प्राप्त हुनेछ । यसैगरी मासिक, त्रैमासिक र वार्षिक प्याकेजहरुको खरिदमा क्रमश: २५० मिनेट, ७५० मिनेट र ३००० मिनेट अननेट फ्रि भ्वाइस कल सुविधा उपलब्ध हुनेछ ।

एफटीटीएचबाट डाटा सेवा मात्र लिन चाहने ग्राहकका लागि कम्पनीले **प्रिमियम इन्टरनेट सर्भिस** प्याक सुलभ दरमा उपलब्ध गराउने भएको छ । यसमा डाटा सेवा मात्र एक वर्षका लागि लिंदा ५० एमबीपीएस रु.२४,८०० मा, ८० एमबीपीएस रु.३२,८०० मा र १०० एमबीपीएस रु.४०,८०० मा उपलब्ध हुनेछ । ३ महिनाको लागि डाटा सेवा लिंदा ५० एमबीपीएस रु.१२,६०० मा, ८० एमबीपीएस रु.१६,५०० मा र १०० एमबीपीएस रु.२०,००० मा उपलब्ध हुनेछ । एक महिनाको लागि ५० एमबीपीएस रु.४,५०० मा, ८० एमबीपीएस रु.६,००० मा र १०० एमबीपीएस रु.७,५०० मा उपलब्ध हुनेछ ।

यसैगरी डाटा र इन्टरनेट दुवै सेवा प्रयोग गर्ने ग्राहकका लागि कम्पनीले **प्रिमियम इन्टरनेट सर्भिस विथ आइपिटिभी** प्याक उपलब्ध गराउने भएको छ । यसमा एक महिनाका लागि सेवा लिंदा ५० एमबीपीएस रु.५,१७८ मा, ८० एमबीपीएस रु.६,६७८ मा र १०० एमबीपीएस रु.८,१७८ मा उपलब्ध हुनेछ । ३ महिनाको सेवा लिंदा ५० एमबीपीएस रु.१४,५२३ मा, ८० एमबीपीएस रु.१८,४२३ मा र १०० एमबीपीएस रु.२१,९२३ मा उपलब्ध हुनेछ । एक वर्षको सेवा लिंदा ५० एमबीपीएस रु.३१,३०९ मा, ८० एमबीपीएस रु.३९,३०९ मा र १०० एमबीपीएस रु.४७,३०९ मा उपलब्ध हुनेछ । यस प्याकको खरिदमा एसटिबीको शुल्क समावेश गरिएको छैन ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नुपर्नेछ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत यस सम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ ।

## ज्येष्ठ नागरिकलाई टेलिकमको नि:शुल्क सिम

नेपाल टेलिकमले मुलुकभरका जेष्ठ नागरिकहरुलाई नि:शुल्क सिमकार्ड प्रदान गरेको छ । संयुक्त राष्ट्र संघको आयोजनामा विश्वव्यापी रुपमा अक्टोबर १ मा मनाइने अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस यसपटक असोज १५ गते परेको थियो । सो अवसरमा नेपाल टेलिकमले मुलुकभरका ज्येष्ठ नागरिकलाई सम्मानस्वरुप नि:शुल्क सिम प्रदान गरेको हो । सिम असोज १५ गतेदेखि २५ गतेसम्म ६० वर्षभन्दा माथिका नागरिकहरुलाई नि:शुल्क रुपमा प्रदान गरिएको थियो । जेष्ठ नागरिकलाई उपलब्ध गराइएको सिममा १० रुपैयाँ मेन ब्यालेन्स हुनुका साथै ४० मिनेट कुराकानी

# प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेशको गतिविधि

नेपाल टेलिकमको पुनर्संरचना पश्चात प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश पूर्ण रुपमा सञ्चालनमा रहेको छ। यस निर्देशनालय अन्तर्गत ११ वटा जिल्ला (कास्की, स्याङजा, तनहुँ, लमजुङ, मनाङ, गोरखा, नवलपुर, बागलुङ, म्याग्दी, मुस्ताङ र पर्वत) र तीनवटा लेखा कार्यालय (पोखरा, बागलुङ र कावासोती) सञ्चालनमा रहेका छन्।

यस प्रदेशमा अघिल्लो आर्थिक वर्षसम्म फाइबर टु द होम अर्थात एफटीटीएच (FTTH) सेवा पुग्न बाँकी रहेका ३ जिल्लामध्ये चालु आ.व.को आश्विन महिनामा लमजुङ जिल्लाको सदरमुकाम बेशीसहर तथा स्याङजा जिल्लाको सदरमुकाम स्याङ्जा बजारमा एफटीटीएच सेवा सञ्चालनमा आएको छ। साथै, बाँकी रहेको मनाङ जिल्लामा पनि छिट्टै एफटीटीएच सेवा सञ्चालनमा ल्याउने तयारी भइरहेको छ।

यस निर्देशनालय अन्तर्गत हाल विभिन्न जिल्लामा एफटीटीएच नेटवर्क विस्तार कार्य भइरहेको छ। दूरसञ्चार कार्यालय बागलुङ र अन्तर्गतका कुश्मा, बेनी, मुस्ताङको जोमसोमलगायतका स्थानहरुमा एफटीटीएच नेटवर्क विस्तार भई सो स्थानमा कपर नेटवर्कबाट सञ्चालित टेलिफोन लाइनहरु पूर्ण रुपमा फाइबरबाट विस्थापित भईसकेका छन्।

दूरसञ्चार कार्यालय पोखरा अन्तर्गत पार्दी, लेकसाइड, न्युरोड, नयाँबजार, चिप्लेढुंगा, बगर, सिमपानी, रानीपौवालगायतका क्षेत्रमा एफटीटीएच सेवा सञ्चालनमा रहेको छ। यस्तै हेम्जा क्षेत्रका २ वटा एक्सचेन्ज र आँबुखैरेनीको एक्सचेन्जमा कपर नेटवर्कबाट सञ्चालित टेलिफोन लाइनहरु समेत पूर्णरुपमा फाइबरबाट विस्थापित भइसकेका छन्। लामाचौर, रामबजार, औद्योगिक क्षेत्रलगायतका स्थानहरुमा फिडर कार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढिसकेको छ। गोरखाको सदरमुकाम गोरखा बजार पनि पूर्ण रुपमा कपरलेस हुने गरी एफटीटीएचको काम धमाधम भइरहेको छ।

दूरसञ्चार कार्यालय कावासोती अन्तर्गत कावासोती, प्रगतिनगर र गैंडाकोटलगायतका स्थानहरुमा एफटीटीएच फिडर कार्य सम्पन्न हुने क्रममा रहेको छ भने हुप्सिकोटको फिडर कार्यको लागि टेण्डर प्रक्रिया शुरु भएको छ। कावासोती अन्तर्गत प्रगतिनगर तथा गैडाकोटका केही FDC हरुको एफटीटीएच नेटवर्कको कार्य भइरहेको छ।

चालु आ.व.मा गण्डकी प्रदेशका मुख्यमुख्य शहर तथा शहरोन्मुख स्थान जस्तैः स्याङ्जाको वालिङ बजार, गल्याङ बजार र मिर्मी बजार, तनहुँको डुम्रे, दुलेगौडा, भिमाद र बन्दीपुर, गोरखाको मनकामनाका साथै नवलपुरका विभिन्न स्थानहरुमा एफटीटीएच सेवा विस्तारको लक्ष्य रहेको छ र सोही अनुसार एफटीटीएच नेटवर्कका लागि फिडरको कार्य अगाडि बढिरहेको छ।

पोखरा, बुटवल तथा काठमाडौंमा नयाँ DWDM Equipment राखी पोखरा-बुटवल तथा पोखरा-काठमाडौं, पोखरा-बागलुङ तथा पोखरा-गल्याङको ट्रान्समिसन लिंक स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ। RTDF आयोजना अन्तर्गत पोखरा, गल्याङ तथा बागलुङमा Equipment जडानको कार्य सम्पन्न भएको छ।


वायरलेसतर्फ चालु आ.व. मा तनहुँको पोखरीभञ्ज्याङ र चोक-चिसापानी, मनाङको ओडार भ्यु प्वाइन्ट, गोरखाको नारेश्वर र घइरिङ, नवलपरासीको दाहालचोक-शिववस्ती र मैन्घाटमा 4G का नयाँ साइटहरु सञ्चालनमा आएका छन्।

गर्ने, २० वटा सन्देश पठाउने र ६० एमबी डाटा प्रयोग गर्न सकिने सुविधा एक महिनासम्म उपलब्ध गराइएको थियो।

नेपाल टेलिकमका देशभर रहेका कार्यालयका काउन्टरहरुबाट ज्येष्ठ नागरिकहरुले यो सुविधाको उपयोग गर्नुभएको थियो। सिमकार्ड लिनाका लागि एक प्रति पासपोर्ट साइजको फोटो, परिचय र उमेर खुल्ने प्रमाणपत्र (जस्तै-नागरिकता प्रमाणपत्र, जेष्ठ नागरिकको परिचयपत्र)को प्रतिलिपी फारामसँगै संलग्न गर्नुपर्दथ्यो।

नेपाल टेलिकमले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मुलुकभरका ज्येष्ठ नागरिकहरुलाई उपलब्ध गराएको निःशुल्क सिमको सुविधाले आदरणीय जेष्ठ नागरिकहरुलाई दूरसञ्चार र सूचना प्रविधिको पहुँचमा ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## गण्डकी प्रादेशिक निर्देशनालय अन्तर्गत वायरलेसतर्फको कार्य प्रगति विवरण (कात्तिक पहिलो हप्तासम्म)




- 4G /LTE आयोजना अन्तर्गतको कुल ४७७ साइटमध्ये हालसम्म ४३९ साइटमा सेवा सञ्चालनमा आइसकेको र बाँकी साइटहरु On Air हुने क्रममा रहेको छ।
- 4G /LTE आयोजना अन्तर्गत ७७ साइटहरुमा टावर निर्माण कार्य भएकोमा हालसम्म ४५ साइटमा सेवा सञ्चालनमा आइसकेको र बाँकी साइटहरुमा टावर निर्माण जारी रहेको छ।
- 4G /LTE सेवा जडान तथा सञ्चालन भइसकेका Turn Key (TK) साइटहरुमध्ये कुल ३३ साइटहरुमा 2G जडानको कार्यक्रम रहेकोमा हालसम्म १४ साइटमा 2G BTS जडान गरी सेवा सञ्चालनमा ल्याइसकिएको र बाँकी साइटहरुमा BTS जडान गर्ने कार्य प्रक्रियामा रहेको छ।
- विगतमा टावर निर्माण भएका साइट तथा आवश्यकता अनुसारका केही Existing Site हरु समेत गरी कुल ४३ साइटहरुमा Fencing को कार्य शुरु गरिएको छ।
- 4G /LTE आयोजना अन्तर्गत B20 मात्र सञ्चालनमा आएका कुल ८७ साइटहरुमा 4G /LTE B3 Relocation कार्ययोजना अन्तर्गत 4G /LTE B3 उपकरणहरु जडान गर्न RNP कार्य सम्पन्न गरिएको छ।
- बाढीले क्षति पुऱ्याएको मनाङको नाशो गाउँपालिकाको ओडार भ्यु प्वाइन्टमा हेलिकप्टरबाट उपकरणहरु ढुवानी गरी 2G तथा 4G सेवा जडान गरी सञ्चालनमा ल्याइएको छ।
- गोर्खा जिल्लाको पर्यटकीय गन्तव्य मनास्लु सर्किटमा पर्ने अति विकट चुम नुब्री गाउँपालिकाको न्याक, बिही र छेकम्पारमा हेलिकप्टरबाट उपकरणहरु ढुवानी गरी माइक्रोवेभ, 2G तथा 4G सेवा जडान प्रक्रिया शुरु भएको छ।
- धौलागिरी क्षेत्रमा रहेका सम्पूर्ण भिस्याट लिंकहरुलाई माइक्रोवेभ लिंकबाट प्रतिस्थापन भएको छ। घिउला रिपिटर तथा लोमान्थाङ साइटमा उच्च क्षमताको सोलार व्याट्री जडान गरिएको छ।
- धौलागिरी क्षेत्रमा अस्थायी पोलमा चलेका ४० साइटहरुलाई स्थायी टावर (Ground Based Tower-GBT) बाट प्रतिस्थापन गरिएको छ।
- बागलुङ जिल्लाको विकट रुकुम बोर्डर, ढोरपाटन, नरजाखानी, सल्यानसुखौरा, म्याग्दी जिल्लाको विकट मुडीकिवाङ, गुर्जा, बगारा, ओखरबोट तथा मुस्ताङ जिल्लाको विकट धेया, तान्घीए, छोसरलगायतका स्थानहरुमा मोबाइल सेवा विस्तार गरिएको छ।
- बागलुङ जिल्लाको काँठेखोला गाउँपालिकाको रेशा, निसीखोला गाउँपालिकाको भल्कोट, बडीगाड गाउँपालिकाको चित्रामधुरी, म्याग्दी जिल्लाको बेनी नगरपालिकाको ज्यामरुकोट, राघुगंगा गाउँपालिकाको चिमखोला, पर्वत जिल्लाको पैंयु गाउँपालिका अन्तर्गत पैंयुकोट, बिहाडी र पर्वत जिल्लाको जलजला गाउँपालिकाको लेखफाँटमा २५ मिटरका ७ वटा टावर निर्माणको कार्य शुरु गरिएको।

# नेपाल बैंकमा खाता खोल्दा टेलिकमको निःशुल्क सिम



नेपाल टेलिकमले नेपाल बैंकमा नयाँ खाता खोल्ने ग्राहकहरुलाई प्रिपेड फोरजी सिमकार्ड निःशुल्क उपलब्ध गराउने भएको छ । यस सम्बन्धी सम्झौता २०७८ असोज २० गते नेपाल टेलिकम केन्द्रीय कार्यालयमा नेपाल टेलिकम र नेपाल बैंक लिमिटेडबीच सम्पन्न भएको थियो । सम्झौतामा नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यावसायिक अधिकृत प्रतिभा बैद्य र नेपाल बैंक लिमिटेडका तर्फबाट प्रमुख वित्त अधिकृत होम बहादुर खड्काले हस्ताक्षर गर्नुभएको थियो ।

यस सम्झौतापछि नेपाल बैंक लिमिटेडमा सहयात्री बचत खाता नामक नयाँ खाता खोल्दा ग्राहकहरुलाई नेपाल टेलिकमको प्रिपेड फोरजी सिमकार्ड समेत निःशुल्क प्राप्त भइरहेको छ । यो सिमकार्डमा रु. १० मेन व्यालेन्स रहनेछ भने एक महिनाभित्र प्रयोग गर्न सकिने गरी ६० एमबी डाटा, ४० मिनेट कम्पनीकै नेटवर्कमा कल गर्न सकिने र १० वटा एसएमएस पठाउन सकिने सुविधा उपलब्ध छ ।

यसैगरी यी नम्बरहरुमा नेपाल टेलिकमको तर्फबाट सिम एक्टिभ भएको मितिले एक महिनासम्म हरेक दिन १०० एमबी डाटा चलाउन सकिने सुविधाका साथै कम्पनीकै नेटवर्कमा ४० मिनेट कुराकानी गर्न र १० वटा एसएमएस पठाउन सकिने थप सुविधा उपलब्ध छ । यी नम्बरहरुमा नेपाल बैंकको तर्फबाट थप एक महिनाको लागि १ जीबी डाटा निःशुल्क उपलब्ध गराइएको छ ।

नेपाल बैंकका ग्राहकहरुले नेपाल टेलिकमको इन्टरनेट प्रयोग गरी बैंकको मोबाइल बैंकिङ एप प्रयोग गर्दा इन्टरनेटको शुल्क पनि लाग्ने छैन ।

## ना.प्र.नि. भानुराज श्रेष्ठ सेवानिवृत्त



नेपाल टेलिकमको सेवाबाट उमेर हदका कारण सेवानिवृत्त हुनुभएका नायव प्रबन्ध निर्देशक भानुराज श्रेष्ठलाई गत असोज १९ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा बिदाई गरिएको छ ।

कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले फूलको गुच्छा र मायाको चिनो प्रदान गरी उहाँलाई बिदाई गर्नुभएको थियो । सो अवसरमा प्रबन्ध निर्देशक अधिकारीले उहाँको सेवानिवृत्त जीवन सुखमय, क्रियाशील र सुस्वास्थ्यमय रहोस् भन्ने कामना गर्दै उहाँले कम्पनीमा पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै सधै स्मरण गरिने बताउनु भयो ।

बिदाई कार्यक्रममा नायव प्रबन्ध निर्देशक भानुराज श्रेष्ठले सेवा शुरु गर्दादेखि अवकाशको अवधिसम्मका आफ्ना अविष्मरणीय क्षणहरुको स्मरण गर्दै कम्पनीको हितका लागि गरिनु पर्ने कार्यहरुका बारेमा चर्चा गर्नुभयो । उहाँले कम्पनीका लागि आवश्यक परेमा भविष्यमा समेत सहयोग गर्न तत्पर रहेको प्रतिबद्धता जनाउदै कम्पनीको कामप्रति सधैं निष्ठावान रहँदै क्षमताले भ्याएसम्म असल नियतले काम गरेको स्मरण गर्नुभयो । जिम्मेवारीमा रहँदा सबैबाट सहयोग पाएको बताउँदै उहाँले सन्तोष व्यक्त गर्नुभयो ।

उहाँ ५८ वर्षे उमेर हदका कारण अवकाश हुनुभएको हो । उहाँ २०४५ भाद्र २७ गते इञ्जिनियर पदमा अस्थायी रुपमा सेवा प्रवेश गरी २०४६ कात्तिक २० गते स्थायी हुनुभएको थियो । उहाँले प्रमुख प्राविधिक अधिकृतको रुपमा कार्यरत रहँदा २०७८ असोज २० गते देखि लागु हुने गरी अवकाश प्राप्त गर्नुभएको हो ।

# "नमस्ते पे" मोबाइल भुक्तानी सेवाको प्रथम चरणको व्यावसायिक सञ्चालन

नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडमार्फत प्रदान गरिने नमस्ते पे (मोबाइल वित्तीय सेवा) को प्रथम चरणको व्यावसायिक सञ्चालन शुरु भएको छ । गत भाद्र २९ गते नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष डा. बैकुण्ठ अर्याल, राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिका अध्यक्ष रामशरण पुडासैनी, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, नेपाल टेलिकम तथा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख तथा सञ्चालक समितिका सदस्य तथा उच्चपदस्थ पदाधिकारीहरु, नेपाल डिजिटल पेमेन्ट्स कम्पनीका अध्यक्ष राजेन्द्र अर्याल लगायत सञ्चालकहरू, डिजिटल भुक्तानीको क्षेत्रमा काम गर्ने संस्थाहरूका प्रतिनिधिहरूको उपस्थितिमा यसको शुभारम्भ गरिएको थियो ।

मोबाइल वित्तीय सेवामार्फत वित्तीय पहुँच विस्तार गर्न तथा डिजिटल नेपालको अवधारणा साकार पार्न नेपाल टेलिकम र राष्ट्रिय बाणिज्य बैंकबीच भएको औपचारिक समझदारीपश्चात् मिति २०७७ श्रावण १३ मा विधिवत रुपमा कम्पनी स्थापना भएको थियो ।

कार्यक्रममा नमस्ते पे वालेट सेवाको लोगो अनावरण, एन्ड्रोइड मोबाइल एप अनावरण तथा यूएसएसडीबाट सो सेवाको शुरुवात गरिएको थियो । कोभिड महामारीको कारण सेवा सञ्चालन उपकरण आपूर्तिमा भएको ढिलाई एवं प्रणालीको विकास र परीक्षणमा संलग्न जनशक्तिमा कोभिडले पारेको प्रभावको कारण सेवाको व्यावसायिक सञ्चालनमा ढिलाई भएतापनि कम्पनी स्थापना भएको १३ महिनामा सेवा सञ्चालनमा आएको छ ।

मोबाइल सेट बजारको ९५ प्रतिशत भन्दा बढी हिस्सा ओगट्ने एन्ड्रोइड सिस्टमको मोबाइल एपमा हाललाई यो सेवा उपलब्ध हुनेछ । आइओएस सिस्टमका मोबाइलको लागि यथाशीघ्र सेवा सञ्चालनमा ल्याइनेछ । स्मार्ट फोनको अलावा सामान्य फोनबाट पनि किबोर्ड प्रयोग गरी यूएसएसडी प्रविधिको माध्यमबाट इन्टरनेट नभएको स्थानमा समेत मोबाइल वित्तीय सेवाको शुभारम्भ गरिएको छ । हाल नेपाल टेलिकमको नेटवर्कमा उपलब्ध सो सेवा *500# डायल गरी प्रयोग गर्न सकिन्छ र क्रमशः विविधिकरण गर्दै लगिनेछ ।

प्रथम चरणमा नेपाल टेलिकमको मोबाइल टपअप, विद्युत महशुल तथा खानेपानी महशुल भुक्तानी सेवा उपलब्ध हुनेछन् । यसैगरी मोबाइल वालेटमा पैसा लोड गर्नको लागि नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंकसहित ९ वटा बैंकहरूको खाता लिंक गर्न सकिनेछ । बाँकी बैंकहरूको अलावा यस कम्पनीको देशव्यापी एजेन्ट नेटवर्कबाट पैसा लोड गर्ने सुविधा पनि यथाशीघ्र शुरु गरिनेछ ।

नमस्ते पे वालेट छुट्टै मोबाइल वालेट सेवा हो र विभिन्न सञ्चार माध्यम र खासगरी अनलाइन मिडियामा प्रकाशित भए झैं नेपाल टेलिकमको मोबाइल व्यालेन्सलाई नै पैसाको रूपमा उपयोग गर्न भने सकिंदैन । नमस्ते पे वालेटमा बैंक वा एजेन्ट नेटवर्कमार्फत रकम लोड गरेर मात्र विद्युतीय भुक्तानी गर्न सकिन्छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

**Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section**
Co-ordinator : Rajesh Joshi Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal